नागरिक लगानी कोष ऐन, २०४७

लालमोहर र प्रकाशन मिति

२०४७।१२।४

संशोधन गर्ने ऐन

१. नागरिक लगानी कोष (पहिलो संशोधन) ऐन, २०५४ २०५४।९।२

२. आयकर ऐन, २०५८ २०५८।१२।१९

प्रमाणीकरण र प्रकाशन मिति

३. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६• २०६६।१०।७

४. नागरिक लगानी कोष (दोस्रो संशोधन) ऐन, २०७७ २०७७।०४।१३

२०४७ सालको ऐन नं. २५

∝............

नागरिक लगानी कोषको स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: देशको आर्थिक विकासको लागि सर्वसाधारण जनतालाई समेत पूंजीको बचत गर्न प्रोत्साहित गरी ∉लगानीका अवसर बढाउन, अवकाश कोष तथा सामाजिक सुरक्षणका कार्यक्रम सञ्चालन गर्न र पुंजी बजारमा गतिशिलता ल्याउन एउटा नागरिक लगानी कोषको स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकाले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२९ बमोजिम मन्त्रिपरिषदको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

• यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

∝ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

∉ दोस्रो संशोधनद्वारा संशोधित ।

परिच्छेद – १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नागरिक लगानी कोष ऐन, २०४७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नागरिक लगानी कोष सम्झनु पर्छ ।

(ख) "साधारण सभा" भन्नाले दफा २१ बमोजिम बोलाइएको शेयरवालाहरूको साधारण सभा सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले दफा २५ बमोजिम गठन भएको कोषको सञ्चालक समिति सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष समेतलाई जनाउँछ ।

(च) "कार्यकारी निर्देशक" भन्नाले दफा ४२ बमोजिम नियुक्त कोषको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(छ) "शेयर" भन्नाले कोषको शेयर पूंजीको विभाजित अंश सम्झनु पर्छ ।

(ज) "शेयरवाला" भन्नाले कोषको शेयरमा स्वामित्व भएको व्यक्ति सम्झनु पर्छ ।

(झ) "शेयर प्रमाणपत्र" भन्नाले शेयरवालालाई शेयर खरीद गरे बापत कोषले प्रदान गरेको निस्सा सम्झनु पर्छ ।

नेपाल कानून आयोग

(ञ) "कर्जा" भन्नाले कुनै चल वा अचल सम्पत्ति धितो वा बन्धक लिई वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई कोषले निर्धारण गरेको शर्तमा दिने ऋण सम्झनु पर्छ ।

(ट) "डिबेञ्चर" भन्नाले कोषको जायजेथा धितो राखी वा नराखी कोषले जारी गरेको ऋणपत्र सम्झनु पर्छ ।

(ठ) "ऋणपत्र" भन्नाले राष्ट्र ऋण ऐन, २०१७ अन्तर्गत नेपाल सरकारले निष्काशन गरेको ऋणपत्र सम्झनु पर्छ ।

(ड) "धितोपत्र (सेक्यूरिटी)" भन्नाले शेयर, स्टक, नगद, डिबेञ्चर, डिबेञ्चर स्टक र नेपाल सरकारले जारी गरेको ऋणपत्र सम्झनु पर्छ र सो शब्दले धितोपत्रको धरौटीसम्बन्धी भर्पाइ तथा धितोपत्रसम्बन्धी हक र अधिकारपत्र समेतलाई जनाउँछ ।

(ढ) "लगानी" भन्नाले कुनै संगठित संस्थाको शेयर वा डिबेञ्चर र अन्य धितोपत्रहरूमा गरिएको लगानी सम्झनु पर्छ ।

(ण) "लगानीकर्ता हिसाब योजना (इन्भेष्टमेन्ट एकाउन्ट स्कीम)" भन्नाले दफा १५ बमोजिम कोषले सञ्चालन गरेको लगानीकर्ता हिसाब योजना सम्झनु पर्छ ।

√(त) "नागरिक एकाङ्क योजना (सिटीजन यूनिट स्कीम)" भन्नाले दफा १६ बमोजिम कोषले सञ्चालन गरेको नागरिक एकाङ्क योजना सम्झनु पर्छ र सो शब्दले सर्वसाधारण बचतकर्ता र लगानीकर्ताहरूबाट संकलन गरी जम्मा भएको पूंजी कोष र त्यस्तो पूंजी कोषलाई व्यवस्थित गर्ने योजनालाई समेत जनाउँछ ।

(थ) "एकाङ्क (यूनिट)" भन्नाले नागरिक एकाङ्क योजना अन्तर्गत पूंजी संकलन गर्न जारी गरिएको एकाङ्क सम्झनु पर्छ ।

√ पहिलो संशोधनद्वारा संशोधित ।

(द) "एकाङ्कवाला (यूनिटहोल्डर)" भन्नाले कोषको एकाङ्कमा स्वामित्व भएको व्यक्ति वा संगठित संस्था सम्झनु पर्छ ।

(ध) "एकाङ्क प्रमाणपत्र" भन्नाले नागरिक एकाङ्क योजनामा रकम लगानी गरे बापत कोषले एकाङ्कवालालाई प्रदान गरेको निस्सा सम्झनु पर्छ ।

(न) "प्राविधिक उप–समिति" भन्नाले दफा ४३ बमोजिम गठन भएको विशेषज्ञहरूको प्राविधिक उप–समिति सम्झनु पर्छ ।

(प) "संगठित संस्था" भन्नाले प्रचलित कानून बमोजिम संगठित संस्थाको रुपमा स्थापना भएको बैंङ्क, पब्लिक कम्पनी, उद्योग वा त्यस्तै सरकारी वा गैर सरकारी संस्था सम्झनु पर्छ ।

≥(प१) "ट्रष्टी" भन्नाले यस ऐन बमोजिम बचतकर्ता र लगानीकर्ताहरूबाट संकलन गरी जम्मा भएको पूंजी कोषलाई सम्बन्धित योजनाको सर्त अनुसार लगानी प्रबन्ध गर्न वा तत्सम्बन्धमा अन्य कुनै संगठित संस्थासंग भएको सम्झौता बमोजिमको दायित्व पूरा गर्नको निमित्त दफा ४३क. बमोजिम कोषले तोकिदिएको कोषको समिति, उपसमिति वा त्यस्तो समिति वा उपसमितिको सदस्य वा कोषको अधिकृत कर्मचारी सम्झनु पर्छ ।

(फ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

परिच्छेद – २

स्थापना, पूंजी र व्यवस्थापन

३. **कोषको स्थापना**: (१) नागरिक लगानी कोषको नामबाट एउटा कोष स्थापना हुनेछ ।

(२) कोष अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

≥ पहिलो संशोधनद्वारा थप ।

(३) कोषको काम कारवाहीको निमित्त आफनो एउटा छुट्टै छाप हुनेछ ।

(४) कोषले यस ऐनको अधीनमा रही चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, राख्न, ∉बहालमा लगाउन बेच विखन गर्न र त्यस्तै अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(५) कोषले आफनो नामबाट नालिस उजुर गर्न र कोष उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(६) कोषको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ र कोषले नेपाल ∝........... भित्र वा बाहिर शाखाहरू खोल्न तथा एजेन्ट वा प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

∉४. **कोषको पुँजी र शेयर बाँडफाँटः** (१) कोषको अधिकृत पुँजी आठ अर्ब रुपैयाँ हुनेछ र सो रकमलाई एक सय रुपैयाँका दरले आठ करोड कित्ता शेयरमा विभाजन गरिनेछ ।

(२) कोषको जारी पुँजी आठ अर्ब रुपैयाँ र चुक्ता पुँजी तीन अर्ब रुपैयाँ हुनेछ र सो रकमको शेयरलाई देहाय बमोजिम बाँडफाँट गरी वितरण गरिनेछः–

(क) नेपाल सरकार	–तेइस दशमलव तीन चार प्रतिशत
(ख) राष्ट्रिय बिमा संस्थान	–एकतीस दशमलव पाँच पाँच प्रतिशत
(ग) नेपाल स्टक एक्सचेञ्ज लिमिटेड	–दश प्रतिशत
(घ) अन्य बैंक वा वित्तीय संस्थाहरु	–पन्ध्र दशमलव एक एक प्रतिशत
(ङ) सर्वसाधारण	–बीस प्रतिशत ।

(३) उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिमका शेयरधनीले आफूले लिएको शेयर बिक्री गर्नु परेमा कोष मार्फत नेपाल सरकारबाट अनुमति लिनु पर्नेछ ।

(४) कोषले कुनै विदेशी बैंक वा वित्तीय संस्था वा विदेशी नागरिकलाई शेयर बिक्री वितरण गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

∉ दोस्रो संशोधनद्वारा संशोधित ।

∝ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(५) प्रत्येक शेयर अविभाज्य हुनेछ । शेयरवालाले आफूले लिएको प्रत्येक शेयरको एक मतको हिसाबले साधारण सभामा मत दिन पाउनेछ र शेयरवालाको दायित्व निजले लिएको शेयरको मूल्यको हदसम्म सीमित रहनेछ ।

५. **शेयर पूंजीमा थपघट हुन सक्ने**: समितिले नेपाल सरकारको पूर्वस्वीकृति लिई √कोषको शेयर पूंजी र सो को बाँडफाँड तथा बनावटमा आवश्यकता अनुसार थपघट गर्न सक्नेछ ।

६ **विवरणपत्र प्रकाशित गर्नु पर्ने**: कोषले आफनो शेयर वा डिबेञ्चर बिक्रीको लागि निष्काशन गर्नुभन्दा अगाडि तोकिएबमोजिमको कुराहरू खुलाई तोकिएबमोजिम विवरणपत्र प्रकाशित गर्नु पर्नेछ ।

७. **शेयरको दरखास्त**: कोषको शेयर खरीद गर्न चाहने व्यक्ति वा संगठित संस्थाले तोकिएबमोजिमको ढाँचामा तोकिएबमोजिम दरखास्त दिनु पर्नेछ ।

८. **शेयर प्रमाणपत्र**: (१) प्रत्येक शेयरवालालाई निजले लिएको शेयरको तोकिएबमोजिमको ढाँचामा प्रमाणपत्र दिइनेछ ।

(२) प्रमाणपत्रमा खुलाउनु पर्ने विवरण तथा प्रमाणपत्रसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

९. **डिबेञ्चर जारी गर्ने**: (१) डिबेञ्चर जारी गर्न आवश्यक परेमा समितिले उपदफा (२) र (३) को अधीनमा रही दफा ६ बमोजिम विवरणपत्र प्रकाशित गरी डिबेञ्चर जारी गर्न सक्नेछ ।

(२) कोषको चल अचल जायजेथा धितो लेखी डिबेञ्चर जारी गर्ने भएमा ∉नेपाल धितोपत्र बोर्डको निकायको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(३) कोषको जायजेथा धितो नलेखी डिबेञ्चर जारी गरिएकोमा सो जारी गरिएको मितिले सात दिनभित्र सोको जानकारी नेपाल सरकारलाई दिनु पर्नेछ ।

√ पहिलो संशोधनद्वारा संशोधित ।

∉ दोस्रो संशोधनद्वारा संशोधित ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि कोषले अघिल्ला साहूहरूलाई लेखिदिएको धितोले खामेसम्म सोही धितो राखी अघिको साहू र थैली समेत स्पष्ट देखाई अरू साहूसंग पनि कर्जा लिन सक्नेछ ।

(५) कोषले आफूले जारी गरेको डिबेञ्चर लिने प्रत्येक साहूहरूको नाम नामेसी, डिबेञ्चरको रकम र अन्य आवश्यक विवरण लेखी छुट्टै किताब खडा गरी राख्नु पर्नेछ ।

१०. **<u>शेयरको हस्तान्तरण तथा दाखिल खारेज</u>**: (१) कोषको शेयर यस ऐनको अधीनमा रही चल सम्पत्ति सरह हक छोडी दिन वा धितो बन्धक राख्न सकिनेछ ।

(२) कुनै शेयरवाला मरी वा निजको आफ्नो जायजेथा साहूलाई दामासाही गराई वा उपदफा (१) बमोजिम निजले आफ्नो नामको शेयर अरू कसैलाई हक छाडिदिएमा वा अरू कुनै व्यहोराले शेयरमा अरू कसैको हक हुन आएमा सो कुराका सबूद साथ सो हक प्राप्त गर्ने व्यक्तिले कोषमा दरखास्त दिएमा सो शेयर तोकिएबमोजिम निजको नाममा दाखिल खारेज गरिनेछ ।

(३) हक हस्तान्तरण तथा दाखिल खारेजसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

११. **<u>शेयरवालाको दर्ता किताब</u>**: (१) कोषले प्रत्येक शेयरवालाको नाम तोकिएको ढाँचाको दर्ता किताबमा तोकिएबमोजिमको विवरण समेत खुलाई दर्ता गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर्ता किताबमा दफा १० बमोजिम शेयर हस्तान्तरण भएमा वा धितो बन्धक दिएमा वा दाखिल खारेज हुने भएमा सो को व्यहोरा समेत जनाई दर्ता किताब अध्यावधिक बनाई राख्नु पर्नेछ ।

१२. **<u>ऋण तथा अनुदान लिने अधिकार</u>**: कोषले आफनो पूँजी बढाउन ऋण तथा अनुदान लिन सक्नेछ ।

तर कोषले कुनै विदेशी बैङ्क वा संघ संस्थाबाट ऋण लिनु पर्ने भएमा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

१३. **<u>शेयर बापतको रकम भुक्तानी</u>**: (१) शेयरवालाले शेयर बापत किस्ता तलब गरिएको रकम तोकिएबमोजिम भुक्तानी गर्नु पर्नेछ ।

(२) कुनै शेयरवालाले उपदफा (१) बमोजिम किस्ता तलब गरिएको रकम भुक्तानी नगरेमा कोषले त्यस्तो शेयरवालाको नाममा दर्ता रहेको शेयर र सो बापत बाँडिने मुनाफा समेत रोक्का गरी मुनाफाबाट लिन वा तोकिएबमोजिम त्यस्तो शेयर जफत गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम शेयर जफत गरिएमा त्यस्तो शेयर कोषले तोकिएबमोजिम बिक्री गर्न वा अरू कुनै प्रकारले दिन वा खारेज गर्न सक्नेछ ।

१४. **<u>शेयर तथा डिबेञ्चरमा हकदार</u>**: कोषको शेयर तथा डिबेञ्चर कोषको रजिष्टरमा जसको नाममा दर्ता भएको छ कोषले उसैलाई त्यसको हकदार सम्झनेछ ।

परिच्छेद – ३

<u>लगानीकर्ता हिसाब र नागरिक एकाङ्क योजना</u>

१५. **<u>लगानीकर्ता हिसाब योजना सञ्चालन</u>**: कोषले तोकिएबमोजिमको शर्तमा विभिन्न क्षेत्रमा लगानी गर्नका लागि लगानीकर्ताहरूको नाममा लगानीकर्ता हिसाब योजना (इन्भेस्टमेन्ट एकाउन्ट स्कीम) खडा गरी सञ्चालन गर्न सक्नेछ ।

१६. **<u>नागरिक एकाङ्क योजना सञ्चालन</u>**: कोषले एउटा ट्रष्टिको रुपमा वचतकर्ताहरूलाई दक्ष लगानी प्रबन्ध सेवा प्रदान गरी बढी लाभ वितरण गर्ने उद्देश्यले तोकिएबमोजिम विभिन्न प्रकृति र किसिमका नागरिक एकाङ्क योजना (सिटिजन यूनिट स्कीम) सञ्चालन गर्न सक्नेछ ।

१७. **<u>नेपाल सरकारको विशेष अधिकार</u>**: (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सरकारी कार्यालय र सो सूचनामा तोकिएका संगठित संस्थाहरुलाई आफनो कार्यालय वा संस्थामा कार्यरत कर्मचारी तथा कामदारहरूले पाउने मासिक पारिश्रमिकबाट सोही सूचनामा तोकिएको अवधिका लागि तोकिएको प्रतिशत बराबरको रकम अनिवार्य रुपमा कट्टी गरी लगानीकर्ता हिसाब योजनामा जम्मा गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेशको पालन गर्नु सम्बन्धित कार्यालय वा संगठित संस्था र त्यस्तो कार्यालय वा संगठित संस्थामा कार्यरत कर्मचारी तथा कामदारको कर्तव्य हुनेछ ।

√१८. **लगानीकर्ता हिसाब योजना वा नागरिक एकाङ्क योजनामा रकम जम्मा गर्ने व्यवस्थाः** (१) स्वदेश तथा विदेशमा बसोबास गरेका नेपाली नागरिक वा अन्य कुनै विदेशी लगानीकर्ताले लगानीकर्ता हिसाब योजना वा नागरिक एकाङ्क योजनामा कोषले निर्धारण गरे बमोजिम रकम जम्मा गर्न सक्नेछ ।

(२) विदेशमा बसोबास गरेका नेपाली वा अन्य कुनै विदेशी लगानीकर्ताले उपदफा (१) बमोजिम लगानीकर्ता हिसाब योजना र नागरिक एकाङ्क योजनामा रकम जम्मा गर्दा परिवर्त्य विदेशी मुद्रामा समेत जम्मा गर्न सक्नेछ ।

(३) लगानीकर्ता हिसाब योजना वा नागरिक एकाङ्क योजनामा विदेशी मुद्रामा जम्मा हुने रकम र विदेशी मुद्रामा नै फिर्ता भुक्तानी गर्ने शर्त राखी योजना सञ्चालन गर्नु पूर्व कोषले नेपाल सरकार र नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति लिनु पर्नेछ ।

ð१८क. **स्वरोजगार व्यक्तिले रकम जम्मा गर्न सक्नेः** (१) स्वरोजगार व्यक्तिले दफा १८ बमोजिमको लगानीकर्ता हिसाब योजना अन्तर्गत कोषमा तोकिए बमोजिम रकम जम्मा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषमा जम्मा हुने रकमको सङ्कलन, कोषमा जम्मा भएको रकमको भुक्तानी प्रक्रिया र कोषबाट पाउने सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि “स्वरोजगार व्यक्ति” भन्नाले इञ्जिनियर, चिकित्सक, कानून व्यवसायी, लेखापरीक्षक लगायतका पेशा व्यवसाय गर्ने व्यक्ति वा निजसँग आबद्ध अस्थायी वा सेवा करारमा कार्यरत कर्मचारी सम्झनु पर्छ र सो शब्दले निजी रुपमा सञ्चालित कृषि, उद्योग र सेवा क्षेत्र लगायतका व्यवसाय, रोजगारीबाट आय आर्जन गर्ने वा वैदेशिक रोजगारमा संलग्न व्यक्तिलाई समेत जनाउँछ ।

√ पहिलो संशोधनद्वारा संशोधित ।

ð दोस्रो संशोधनद्धारा थप ।

१९. <u>प्रतिफल बाँडिने</u>: [∉](१) दफा १५, १६, १७, र १८क. बमोजिम लगानीकर्ता हिसाब योजना वा नागरिक एकाङ्क योजना अन्तर्गत सञ्चालित कार्यक्रममा जम्मा भएको रकममा प्रत्येक आर्थिक वर्षमा दिने प्रतिफलको दर कोषले समय–समयमा निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ ।

(२) दफा १७ बमोजिम लगानीकर्ता हिसाब योजनामा जम्मा भएको रकम र उपदफा (१) बमोजिम त्यस्तो रकममा दिनु पर्ने प्रतिफलको रकमको भुक्तानी तोकिएबमोजिम हुनेछ ।

(३) कोषले उपदफा (२) बमोजिम रकम भुक्तानी दिन नसकेमा त्यस्तो रकमको भुक्तानी नेपाल सरकारले दिनेछ ।

(४) दफा १८ [ô]<u>वा दफा १८क</u>. बमोजिम लगानीकर्ता हिसाब योजना वा नागरिक एकाङ्क योजनामा जम्मा भएको रकमको लगानीबाट आर्जित आम्दानीबाट तोकिएबमोजिमको खर्च र सेवा शुल्क तथा जोखिम लगानी जगेडा कोष र लाभाँश समिकरण जगेडा कोष (डिभिडेन्ड इक्वीलाइजेशन फन्ड) मा तोकिएबमोजिम राख्नु पर्ने रकम [≥]<u>र लगानीका साधनमा हुन आएको पूंजीगत ह्रास</u> कट्टी गरी बाँकी रकम सम्बन्धित लगानीकर्ताहरूलाई प्रतिफल स्वरुप समानुपातिक हिसाबले बाँडिनेछ ।

२०. <u>एकाङ्क प्रमाणपत्र</u>: (१) कोषले प्रत्येक एकाङ्कवाला (यूनिट होल्डर) लाई तोकिएबमोजिमको ढाँचामा एकाङ्क प्रमाणपत्र दिनु पर्नेछ ।

(२) एकाङ्क प्रमाणपत्र प्रचलित कानूनका अधीनमा रही विनिमय हस्तान्तरण वा नामसारी गर्न सकिनेछ ।

(३) एकाङ्क प्रमाणपत्रको नामसारी, दाखिल खारेज वा विनिमयसम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

∉ दोस्रो संशोधनद्वारा संशोधित ।

ô दोस्रो संशोधनद्वारा थप ।

≥ पहिलो संशोधनद्वारा थप ।

परिच्छेद – ४

साधारण सभा तथा सञ्चालक समिति

२१. **साधारण सभाः** (१) कोषको स्थापना भएको एक वर्षभित्र प्रारम्भिक साधारण सभा बस्नेछ । त्यसपछि प्रत्येक वर्ष आर्थिक वर्ष पूरा भएको ६ महीनाभित्र वार्षिक साधारण सभा बस्नेछ ।

∉(२) उपदफा (१) बमोजिम साधारण सभा बस्नुभन्दा कम्तीमा एक्काइस दिन अगावै सभा बस्ने स्थान, मिति र समय तोकी सभाको कार्यसूची (एजेण्डा) सहितको सूचना कोषले सबै शेयरवालाहरुलाई दिनु पर्नेछ र त्यस्तो सूचना कम्तीमा दुई पटक राष्ट्रियस्तरका दैनिक पत्रिकामा समेत प्रकाशन गर्नु पर्नेछ ।

(३) कोषको कूल शेयर संख्याको साठी प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरवालाहरू मध्ये दश प्रतिशत शेयरवालाहरू स्वयं वा आफनो प्रतिनिधिद्वारा उपस्थित भएमा साधारण सभाको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) उपदफा (३) मा लेखिएबमोजिमको संख्यामा शेयरवालाहरू उपस्थित नभएकोले सभा हुन नसकेमा कम्तीमा सात दिनको सूचना दिई अर्को पटक सभा बोलाउँदा कूल शेयर संख्याको तेत्तीस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी साधारण सभामा उपस्थित भई मतदान गर्न पाउने कम्तीमा पाँचजना शेयरवालाहरू स्वयं उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

ꝺ(४क) उपदफा (४) बमोजिम अर्कोपटक सभा बोलाएको सूचना दिंदा राष्ट्रियस्तरको कुनै दैनिक पत्रिका मार्फत दिन सकिनेछ र त्यसरी दिएको सूचनालाई रीतपूर्वकको सूचना मानिनेछ ।

(५) सभामा भाग लिने र मतदान गर्ने अधिकार तथा सभा सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

∉ दोस्रो संशोधनद्वारा संशोधित ।

ꝺ दोस्रो संशोधनद्धारा थप ।

२२. **सञ्चालक नियुक्ति गर्दा मतदान गर्ने अधिकार**: (१) सञ्चालक नियुक्ति गर्न मतदान गर्दा प्रत्येक शेयरवालालाई निजले लिएको शेयरसंख्याले नियुक्ति गर्नु पर्ने सञ्चालकको संख्यालाई गुणन गर्दा हुन आउने संख्या बराबरको मतको हिसाबले मतदान गर्ने अधिकार हुनेछ र त्यसरी मतदान गर्ने शेयरवालाले आफनो सबै मत एउटै उम्मेदवार वा एकभन्दा बढी उम्मेदवारलाई निजले तोके बमोजिम हुने गरी मतदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार तथा संगठित संस्थाहरूले दफा २५ बमोजिम सञ्चालकहरूको मनोनयन गर्ने भएमा यस दफा बमोजिम हुने मतदानमा मतदान गर्न पाउने छैनन् ।

२३. **साधारण सभामा पेश र छलफल गर्नु पर्ने विषयहरू**: (१) वार्षिक साधारण सभामा समितिले लेखापरीक्षण भै सकेको वासलात तथा गत आर्थिक वर्षको नाफा नोक्सान हिसाब पेश गर्नु पर्नेछ ।

(२) जम्मा मत संख्याको कम्तीमा पाँच प्रतिशत मतको प्रतिनिधित्व गर्ने शेयरवाला वा शेयरवालाहरूले कुनै विषय साधारण सभामा छलफल र निर्णयको लागि पेश गर्न चाहेमा सो साधारण सभा बस्ने सूचना जारी हुनु अगावै अध्यक्ष समक्ष दरखास्त दिई पेश गर्न सक्नेछन् ।

(३) उपदफा (१) र (२) बमोजिम पेश भएका विषयको अतिरिक्त साधारण सभामा कोषको हिसाब किताब, समितिको प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, शेयरवालाहरूमा बाँडिने मुनाफा, √सञ्चालक र लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक आदि उपर विचार गर्नु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा २१ को उपदफा (१) बमोजिम बोलाइएको प्रारम्भिक साधारण सभामा समितिले सो सभा हुनु भन्दा अगाडि कोषले गरेको कारोबारको विवरण सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(५) साधारण सभामा पेश गरिने प्रस्ताव, छलफल र निर्णयसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

√ पहिलो संशोधनद्वारा संशोधित ।

२४. **<u>विशेष साधारण सभा</u>**: (१) समितिले आवश्यक देखेमा विशेष साधारण सभा बोलाउन सक्नेछ ।

(२) कोषको लेखापरीक्षण गर्दा कुनै कारणले विशेष साधारण सभा बोलाउनु आवश्यक देखिएमा लेखापरीक्षकले त्यस्तो सभा बोलाउनको निमित्त समितिलाई अनुरोध गर्न सक्नेछ र समितिले पनि सो बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(३) कोषको चुक्ता पूंजीको कम्तीमा दश प्रतिशत शेयर लिने शेयरवाला वा शेयरवालाहरूको जम्मा संख्याको कम्तीमा पच्चीस प्रतिशत शेयरवालाहरूले कारण खोली विशेष साधारण सभा गराउन कोषमा दरखास्त पठाई मांग गरेमा समितिले कोषको विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

(४) निरीक्षण गर्दा वा अन्य कुनै कारणले विशेष साधारण सभा बोलाउन आवश्यक देखिएमा नेपाल सरकारले त्यस्तो सभा समितिद्वारा बोलाउन लगाउन सक्नेछ ।

∉(५) यस दफा बमोजिम विशेष साधारण सभा बोलाउँदा कम्तीमा पन्ध्र दिन अगावै सभा बस्ने स्थान, मिति र समय एवं कार्यसूची (एजेण्डा) समेत उल्लेख गरी कम्तीमा दुई पटक राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

∉२५. **<u>सञ्चालक समितिको गठन</u>**: (१) कोषमा देहाय बमोजिमका अध्यक्ष तथा सञ्चालक रहेको एउटा सञ्चालक समिति रहनेछ :–

(क) बैंकिङ्ग, बिमा वा पुँजी बजार सम्बन्धी विषयमा विशेष ज्ञान तथा अनुभव भएका व्यक्तिहरुमध्ये नेपाल सरकारबाट नियुक्त व्यक्ति –अध्यक्ष

(ख) नेपाल सरकार, अर्थ मन्त्रालयको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत एकजना –सञ्चालक

(ग) राष्ट्रिय बिमा संस्थानको प्रशासक –सञ्चालक

∉ दोस्रो संशोधनद्वारा संशोधित ।

नेपाल कानून आयोग

(घ) नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको महाप्रबन्धक –सञ्चालक

(ङ) अन्य बैंक तथा वित्तीय संस्थाहरुमध्येबाट त्यस्ता संस्थाले तोके बमोजिम निर्वाचित वा मनोनीत गरेको एकजना –सञ्चालक

(च) सर्वसाधारण शेयरधनीहरुमध्येबाट निर्वाचित एकजना –सञ्चालक

(छ) बैंकिङ्ग, बिमा वा पुँजी बजार सम्बन्धी विषयमा विशेष ज्ञान तथा अनुभव भएका व्यक्तिहरुमध्येबाट नेपाल सरकार, अर्थ मन्त्रालयले नियुक्त गरेको एकजना विज्ञ –सञ्चालक

(२) उपदफा (१) बमोजिम समिति गठन गर्दा कम्तीमा एकजना महिलाको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ ।

(३) अध्यक्ष र उपदफा (१) को खण्ड (च) र (छ) बमोजिमका सञ्चालकको पदावधि तीन वर्षको हुनेछ । निजहरु पुनः नियुक्त हुन वा निर्वाचित हुन सक्नेछन् ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपदफा प्रारम्भ हुँदाका बखत बहाल रहेका सञ्चालक निज मनोनीत वा निर्वाचित हुँदाका बखत कायम रहेको अवधिसम्म आफ्नो पदमा बहाल रहन सक्नेछन् ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (क) र (छ) बमोजिमका सञ्चालकलाई जुनसुकै बखत पदबाट हटाउन सकिनेछ ।

तर त्यस्तो सञ्चालकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(६) उपदफा (३) बमोजिमको कार्यावधि पूरा नहुँदै कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि सो पद पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रियाबाट पूर्ति गर्नु पर्नेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कोषको शेयर पुँजीमा दफा ५ बमोजिम कुनै परिवर्तन गरिएको अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी शेयरवालाहरुमध्येबाट सञ्चालकहरुको सङ्ख्या सातजनामा नबढ्ने गरी आवश्यकता अनुसार परिवर्तन गर्न सक्नेछ ।

(८) समितिले तोकिदिएको कोषको अधिकृत कर्मचारीले कोषको सचिव भई काम गर्नेछ ।

२६. **<u>सञ्चालकको पदमा नियुक्ति हुन वा बहाल रहन अयोग्यताः</u>** (१) देहायको कुनै व्यक्ति सञ्चालकको पदमा मनोनीत वा निर्वाचित हुन सक्ने छैनः–

(क) २१ वर्ष उमेर नपुगेको,

(ख) मगज बिग्रेको वा बहुलाएको,

(ग) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) कुनै प्रकारको चोरी वा ठगी गरेको वा आफनो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

(ङ) कोषको कुनै ठेक्कापट्टा वा करारमा कुनै प्रकारको निजी स्वार्थ भएको, वा

(च) कुनै बैङ्क वा वित्तीय संस्थाका सञ्चालकको पदमा बहाल रहेको,

≥(छ) धितोपत्र बजारको सदस्य वा प्रतिनिधिको रुपमा बहाल रहेको व्यक्ति वा संस्था ।

(२) देहायको अवस्थामा कुनै व्यक्ति सञ्चालकको पदमा बहाल रहने छैनः–

≥ पहिलो संशोधनद्वारा थप ।

(क) उपदफा (१) मा लेखिएबमोजिम सञ्चालकको पदमा मनोनीत वा निर्वाचित हुन नसक्ने अवस्था भएमा,

(ख) उचित कारण खोली समितिलाई जनाउ नदिई लगातार तीन पटक सो समितिको बैठकमा अनुपस्थित भएमा,

(ग) समिति वा समितिको निर्णय बिरुद्ध कुनै काम गरेमा,

(घ) निजले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ङ) कोषको काम कारवाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा, वा

(च) यस ऐन बमोजिम सजाय हुने कुनै कसूर गरेमा ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि,–

(क) सरकारी चिकित्सकद्वारा प्रमाणित नभएसम्म कुनै व्यक्तिका सम्बन्धमा उपदफा (१) को खण्ड (क) र (ख) मा लेखिएको अयोग्यता लागू हुने छैन ।

(ख) नेपाल सरकारको स्वीकृति प्राप्त भएमा उपदफा (१) को खण्ड (ङ) मा लेखिएको कुनै व्यक्ति सञ्चालकको पदमा मनोनीत हुन र बहाल रहन सक्नेछ ।

(ग) कुनै व्यक्तिलाई सञ्चालकको पदमा मनोनीत वा निर्वाचित हुन वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि निजलाई आफनो सफाइको सबूद पेश गर्ने उचित मौका दिइनेछ ।

२७. **सञ्चालकहरूको पारिश्रमिक र भत्ता:** (१) सञ्चालकहरूले बैठकमा उपस्थित भए बापत पाउने बैठक भत्ता तोकिएबमोजिम हुनेछ ।

नेपाल कानून आयोग

(२) [≡]..............

२८. **सञ्चालक समितिको अधिकार**: (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको विनियमका अधीनमा रही कोषको सम्पूर्ण कारोबारको प्रबन्ध गर्नु, अधिकारहरुको प्रयोग तथा कर्तव्यहरुको पालना गर्नु र कोषको सामान्य प्रशासनको सञ्चालन, निर्देशन, रेखदेख र नियन्त्रण गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) समितिले आफूले प्रयोग गर्न पाउने अधिकारहरू मध्ये सबै वा केही अधिकारहरू कुनै सञ्चालक, उप–समिति, कार्यकारी निर्देशक वा कोषको कुनै अधिकृत कर्मचारीलाई सुम्पन सक्नेछ ।

२९. **समितिको बैठक**: (१) अध्यक्षले तोकेको मिति, स्थान र समयमा समितिको बैठक बस्नेछ ।

(२) समितिको बैठक वर्षमा कम्तीमा आठ पटक बस्नेछ र दुई बैठकको बीचको अवधि दुई महीना भन्दा बढी हुने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि छलफल गर्न खोजिएका विषय सूची सहित कम्तीमा एक तिहाई सञ्चालकहरूले लिखित अनुरोध गरेमा अध्यक्षले सात दिन भित्रमा समितिको बैठक बोलाउनु पर्नेछ ।

(४) कम्तीमा आधाभन्दा बढी सञ्चालकहरू उपस्थित नभई समितिको कुनै पनि बैठक बस्ने छैन ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सञ्चालकहरूले आफूमध्येबाट छानेको सञ्चालकले समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) समितिको बैठकमा उपस्थित सञ्चालकहरू, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण छुट्टै किताबमा लेखी राख्नु पर्नेछ ।

≡ दोस्रो संशोधनद्वारा झिकिएको ।

(८) समितिको बैठकसम्बन्धी अन्य कुराहरू समिति आफैले निर्धारण गर्न सक्नेछ ।

३०. **सञ्चालकहरूको जवाफदेही:** (१) समितिले जानी जानी वा लापरवाही गरी कोषलाई हानी नोक्सानी गरे वा गराएमा त्यस्तो हानी नोक्सानी प्रत्येक सञ्चालकको घर घरानाबाट दामासाहीले असूल उपर गरिनेछ ।

तर त्यस्तो नोक्सानी जुन काम कुराबाट हुन गएको हो सो काम कुरा प्रति लिखित रुपमा आफनो बिरोध जनाउने वा त्यस्तो काम कुरा हुन लागेको थाहा नपाउने सञ्चालकले त्यस्तो हानी नोक्सानी व्यहोर्नु पर्ने छैन ।

(२) नेपाल सरकारको स्वीकृति बमोजिम बाहेक कुनै सञ्चालकले कोष मार्फत आफूलाई व्यक्तिगत फाइदा हुने काम गर्नु गराउनु हुँदैन ।

(३) कुनै सञ्चालकले आफनो अधिकारक्षेत्र नाघी गरेको काम कारवाही प्रति निज स्वयं उत्तरदायी हुनु पर्नेछ ।

३१. **भई सकेको काम कारवाहीको मान्यता:** कुनै सञ्चालकको निर्वाचन वा मनोनयनका सम्बन्धमा यस ऐन अन्तर्गतको कुनै व्यवस्था पालन भएको छैन भन्ने कुरा पछि पत्ता लागेमा सो पत्ता लाग्नु भन्दा अगावै त्यस्तो सञ्चालकले गरेको काम कारवाही सो कुराले मात्र बदर हुने छैन ।

परिच्छेद –५

कोषको काम, कर्तव्य र अधिकार

∉३२. **कोषको काम, कर्तव्य र अधिकार:** (१) कोषले ट्रष्टीको रुपमा बचतकर्तालाई दक्ष लगानी सेवा प्रदान गरी बढी प्रतिफल उपलब्ध गराउन देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्न सक्नेछ :–

∉ दोस्रो संशोधनद्वारा संशोधित ।

(क) योगदानमा आधारित निवृत्तभरण, स्वास्थ्य बिमा जस्ता सामाजिक सुरक्षाको क्षेत्रमा आफैले वा अन्य कुनै संस्थासँगको सहकार्यमा तोकिए बमोजिमका कार्यक्रम सञ्चालन गर्न,

(ख) निजामती कर्मचारी, सैनिक तथा प्रहरी कर्मचारी, शिक्षक तथा अन्य सङ्गठित संस्थाका कर्मचारीको लागि योगदानमा आधारित सावधिक जीवन बिमा कोष सञ्चालन गर्न,

(ग) तोकिए बमोजिमका उपदान कोष र पेन्सन कार्यक्रम सञ्चालन गर्न ।

(२) कोषले स्वेच्छिक वा अनिवार्य अवकाश कोष तथा लगानीकर्ता हिसाब योजना सञ्चालन गर्न कोषमा जम्मा हुन आएको रकम अवधि तोकी देहायको क्षेत्रमा लगानी गर्न सक्नेछः–

(क) प्रचलित कानून बमोजिम स्थापित कुनै वाणिज्य बैंकको नगद प्रमाणपत्र (क्यास सर्टिफिकेट) वा समय सीमाको मुद्दति निक्षेपमा लगानी गर्न,

(ख) नेपाल सरकार वा नेपाल राष्ट्र बैंकद्वारा "क" वर्गको मान्यता प्राप्त कुनै वाणिज्य बैंकको जमानतमा कोषले तोकेको शर्तमा कुनै सङ्गठित संस्थामा ऋण लगानी गर्न,

(ग) कोषले उपयुक्त ठहर्याएको कुनै वाणिज्य बैंक, वित्तीय संस्था, बिमा कम्पनी वा त्यस्तो संस्था वा कम्पनीको शेयरमा लगानी गर्न,

(घ) नेपाल सरकार वा प्रदेश सरकार र निजी क्षेत्रसँग निजी तथा सार्वजनिक निजी साझेदारी मोडेलमा सम्पन्न हुने पूर्वाधार निर्माणका आयोजनामा लगानी गर्न,

(ङ) लगानीकर्ता हिसाब योजना, नागरिक एकाङ्क योजना वा कोषले सञ्चालन गरेका अन्य कार्यक्रममा जम्मा भएको रकमबाट वा कोषको आफ्नै स्रोतबाट नेपाल सरकारद्वारा निष्काशित ऋणपत्रमा लगानी गर्न,

(च) विदेशस्थित नेपाली नागरिकबाट एकाङ्क योजनामा सङ्कलन भएको रकम नेपाल राष्ट्र बैंकको स्वीकृति लिई कुनै स्वदेशी तथा विदेशी कम्पनी वा सङ्गठित संस्थासँगको सहकार्यमा विदेशी धितोपत्रमा लगानी गर्न,

(छ) नेपाल सरकार, प्रदेश सरकार वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको सङ्गठित संस्था वा निकायबाट संस्थापना वा प्रवद्र्धन गरिएको विद्युत उत्पादन वा प्रसारण वा अन्य पूर्वाधार निर्माणमा लगानी गर्न,

(ज) कुनै कम्पनी वा सङ्गठित संस्थाले जारी गरेको डिबेञ्चरमा लगानी गर्न ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषले लगानी गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :–

(क) उपदफा (२) को खण्ड (ग) बमोजिम कुनै संस्थाको शेयरमा लगानी गर्दा वा संस्थापक शेयरधनी हुँदा त्यस्तो सङ्गठित संस्था वा कम्पनीको जारी पुँजीको बढीमा पच्चीस प्रतिशतसम्म लगानी गर्ने ।

तर कोषको आफ्नै सहायक कम्पनी खडा गर्न सो सीमा लागू हुने छैन ।

(ख) उपदफा (२) को खण्ड (छ) बमोजिम लगानी गर्दा सम्बन्धित कम्पनीको शेयरमा कोषले बढीमा पच्चीस प्रतिशत रकमसम्म लगानी गर्ने,

(ग) उपदफा (२) को खण्ड (ज) बमोजिम कुनै कम्पनी वा सङ्गठित संस्थाबाट जारी डिबेञ्चरमा लगानी गर्दा कुल डिबेञ्चरको बढीमा पच्चीस प्रतिशतसम्म लगानी गर्ने ।

(४) कोषले देहाय बमोजिमको क्षेत्रमा कर्जा प्रवाह गर्न सक्नेछ :–

(क) प्रचलित कानून बमोजिम संस्थापित सङ्गठित संस्थाहरुलाई कर्जा दिन,

(ख) कोषमा नियमित रुपमा रकम जम्मा गर्ने सहभागी व्यक्तिलाई विभिन्न प्रकारका कर्जा योजनाहरु सञ्चालन गरी कर्जा प्रवाह गर्न,

(ग) कोषले उपयुक्त ठहऱ्याएको क्षेत्रमा कुनै वाणिज्य बैंक वा वित्तीय संस्थाहरुसँग मिली सह–वित्तीयकरणको आधारमा धितो विभाजन (परिपासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा कर्जा दिन ।

(५) कोषले धितोपत्र सम्बन्धी प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमको कार्य गर्न सक्नेछः–

(क) विभिन्न प्रकारको धितोपत्रमा लगानी र पुनर्लगानी गरी धितोपत्रको स्वामित्व ग्रहण गर्न,

(ख) पहिलो वा दोस्रो बजारमा लगानी गरी धितोपत्रहरु खरिद गर्ने तथा थोक बिक्रेताको कार्य गर्न,

(ग) कोषद्वारा सञ्चालित अवकाश कोष तथा लगानीकर्ता हिसाब योजनामा सहभागीहरुलाई धितोपत्र खरिद गर्न ऋण तथा सापटी दिन,

(घ) सङ्गठित संस्थाहरुलाई धितोपत्र जारी गर्न प्रोत्साहित गर्ने तथा प्राथमिक निष्काशन र बिक्री प्रबन्धको रुपमा आवश्यक सेवाहरु प्रदान गर्न ।

(६) कोषले पुँजी बजार विकासका लागि आवश्यकता अनुसार देहाय बमोजिम सहायक कम्पनी वा संस्था स्थापना गर्न सक्नेछ :–

(क) लगानी विस्तारको लागि आफैले वा अन्य वित्तीय संस्था वा निकायसँग मिली कम्पनी स्थापना गर्न,

नेपाल कानून आयोग

(ख) आफै वा अन्य सङ्गठित संस्थाको सहभागितामा सामूहिक लगानी योजना (म्युचुअल फण्ड) स्थापना र सञ्चालन गर्न,

(ग) कोषलाई कुनै कम्पनी वा संस्थाको जायजेथा प्राप्त भएमा सो जायजेथाको उपयोग गर्न वा आफैंले वा अरु कुनै संस्थासँग मिली कुनै परियोजना सञ्चालन गर्न वा संस्थाको सञ्चालन गर्न वा नयाँ कम्पनी वा संस्था संस्थापना गरी सञ्चालन गर्न।

(७) कोषको नाममा रहेको अचल सम्पत्तिको व्यवस्थापन सम्बन्धमा कोषलाई देहाय बमोजिमको अधिकार हुनेछ :–

(क) कुनै अचल सम्पत्ति एकमुष्ट, किस्ताबन्दी वा अन्य कुनै प्रकारबाट खरिद गर्ने, प्राप्त गर्ने, स्वामित्वमा वा भाडामा लिने र आफ्नो स्वामित्वमा रहेको अचल सम्पत्तिको बेचबिखन वा सट्टापट्टा गर्ने,

(ख) कोष आफैंले वा अन्य सङ्गठित संस्थासँग मिली कोषको स्वामित्वमा रहेको जग्गामा वा जग्गा खरिद गरी व्यावसायिक वा आवासीय भवनहरु निर्माण गर्ने,

(ग) आफ्नो स्वामित्वमा रहेको घर जग्गा वा खण्ड (ख) बमोजिम निर्माण गरिएका भवनहरु बहालमा दिने र बिक्री गर्ने ।

(८) यस ऐनको अधीनमा रही कोषले देहाय बमोजिमका कार्यहरु समेत गर्न सक्नेछः–

(क) आफैं वा अन्य मर्चेन्ट बैंकसँग मिली कोषले निर्धारण गरे बमोजिम विभिन्न सङ्गठित संस्थाको शेयरको प्रत्याभूति (अण्डरराइटिङ्ग) गर्न,

(ख) समितिले तोके बमोजिमका सङ्गठित संस्थाहरुलाई ब्रीज फाइनान्सिङ्गको सुविधा वा सापटी प्रदान गर्न,

(ग) सङ्गठित संस्थाको वित्तीय व्यवस्था र बचत तथा लगानीका वैकल्पिक अवसरहरुका बारेमा दक्ष परामर्श सेवा प्रदान गर्न,

(घ) कोषले लगानी गरेको सङ्गठित संस्थाहरुको गठन, व्यवस्थापन तथा नियन्त्रण सम्बन्धी काममा भाग लिन वा सघाउन,

(ङ) पुँजी बजार सम्बन्धी परामर्श सेवा प्रदान गर्न वा तत्सम्बन्धी तालिम सञ्चालन र सो सम्बन्धी अन्य कार्य गर्न,

(च) कोषले प्रदान गरेको सेवा बापत प्रबन्ध शुल्क, सेवा शुल्क, कमिशन, दलाली दस्तुर र अन्य शुल्कहरु लिन,

(छ) नेपाल राष्ट्र बैंकको स्वीकृति लिई विदेशी बैंकसँग बैंकिङ्ग कारोबार गर्न,

(ज) कुनै सङ्गठित संस्थाको वचनबद्धताको करार वा सम्झौता अनुसार दायित्व पूरा गरिदिने सम्बन्धमा एक ट्रष्टीको रुपमा प्रदान गरेको सुरक्षण वा वचनबद्धताको शर्त अनुसारका काम गर्न स्वीकृति दिने वा त्यस अनुसारको कार्य पूरा गर्न,

(झ) कुनै चल अचल सम्पत्तिलाई धितो वा धरौटी वा हाइपोथिकेशन वा सुरक्षणमा लिन वा राख्न र आवश्यकता अनुसार कुनै सम्झौता वा करार वा कुनै लिखतहरु वा कागजातहरु स्वीकार गर्न,

(ञ) यस ऐन बमोजिम आफूले गरेको लगानी वा प्रवाह गरेको कर्जाको सदुपयोग भए, नभएको सम्बन्धमा समय–समयमा तोकिए बमोजिम अनुगमन तथा निरीक्षण गर्न वा गराउन ।

(९) कोषले कुनै व्यक्तिलाई दिएको सापटी वा ऋणको सावाँ, ब्याज तथा हर्जाना रकम कोषमा रहेको सम्बन्धित व्यक्तिको सञ्चित रकमबाट असुल हुन नसकेमा कोषले असुल उपर गर्नु पर्ने त्यस्तो रकम निजको स्वामित्वमा रहेको अन्य चल, अचल सम्पत्तिबाट प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ ।

≥**३२क.<u>कोषले डिबेञ्चर ट्रष्टीको कार्य गर्न सक्ने</u>:** (१) कुनै संगठित संस्थाले निष्काशन गरेको वा गर्न लागेको डिबेञ्चरको सम्बन्धमा कोषले ट्रष्टीको कार्य गर्न सक्नेछ ।

∉(२) उपदफा (१) बमोजिम कोषले डिबेञ्चरको ट्रष्टीको रुपमा गर्ने काम, कर्तव्य, अधिकार तथा पूरा गर्नु पर्ने दायित्व सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

≥ **३२ख.<u>कोषले कस्टोडियनको कार्य गर्न सक्ने</u>:** (१) कोषले स्वदेशी वा विदेशी लगानीकर्ताहरूको तर्फबाट तिनीहरूका धितोपत्रको जिम्मा लिने, खरीद बिक्री गर्ने, गराउने वा खरीद बिक्री भएका धितोपत्रको नामसारी, दाखिल खारेज र व्याज वा मुनाफा संकलन गर्ने कार्यहरू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषले कस्टोडियनको कार्य गर्दा तोकिए बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

३३. <u>शर्तहरू राख्ने अधिकार</u>: (१) कोषले कुनै संगठित संस्थासंग कारोबार गर्दा वा कुनै संगठित संस्थालाई कर्जा दिंदा आफनो हितको संरक्षण र आफूले प्रदान गरेको कर्जा वा सुविधाको उचित प्रयोगका लागि आवश्यकता अनुसार शर्त राखी लिखत गराउन सक्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजित लिखत गराउँदा कोषले जतिसुकै अवधिको भाखा राख्न, कोषले तोकेको शर्त भङ्ग गरेमा ऋणी संगठित संस्थाले लिइसकेको कर्जाको सांवा व्याज फिर्ता बुझाउन लगाउने वा लिखत गराई लिएको सम्पत्ति र जमानतबाट असूल गर्न सक्ने गरी शर्त तोक्न सक्नेछ ।

(३) कोषले कुनै संगठित संस्थालाई दिईने कर्जा दिंदा सो संगठित संस्थालाई दिईने कुल कर्जा रकमको एकै पटक लिखत गराई संगठित संस्थाले किस्ता प्राप्त गरेको मिति देखि त्यसको व्याज हिसाब गर्ने गरी तोकिए बमोजिम किस्ताबन्दीमा नगद, चेक वा लेटर अफ कमिटमेन्ट वा लेटर अफ क्रेडिटको रुपमा कर्जा प्रदान गर्दै जाने शर्त राख्न सक्नेछ ।

≥ पहिलो संशोधनद्वारा थप ।

∉ दोस्रो संशोधनद्वारा संशोधित ।

(४) उपदफा (१) बमोजिम शर्तहरू तोक्दा कोषले कुनै संगठित संस्थाको सञ्चालक समितिमा सञ्चालक नियुक्त गर्ने शर्त समेत राख्न सक्नेछ र त्यस्तो शर्त रहेकोमा यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सोही शर्त बमोजिम हुनेछ ।

३४. **कोषले पाउने विशेष छुट**: (१) कोषले ऋणी संगठित संस्था वा जमानीबाट लिखत गराई धितो लिंदा वा धितो लिएको सम्पत्ति कोषको नाममा पारित गराई लिंदा वा कोषले अचल सम्पत्ति खरीद बिक्री गर्दा त्यस्तो कारोबारमा आय टिकट वा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) लिखत गराई धितो लिएको जायजेथाबाट कोषले संगठित संस्थासंग लिनु पर्ने सम्पूर्ण रकम असूल हुन नसकेमा प्रचलित कानून बमोजिम ऋणी संगठित संस्थाको अन्य सम्पत्तिबाट त्यस्तो बाँकी रकम असूल उपर गर्न सक्नेछ ।

(३) कोषले लिखत गराई कुनै सम्पत्ति धितो लिएको लिखतमा उल्लेख भएको शर्तबमोजिमको म्यादभित्र धितो कब्जा गर्न वा कर्जा असूल गर्न कारवाही नगरेको कारणले मात्र धितो माथिको कोषको अधिकार समाप्त हुने छैन ।

(४) लिखतमा उल्लेखित शर्तबमोजिम धितो कब्जा गरेको, भोगचलन गरेको, भाडा वा ठेक्का पट्टामा दिएको वा मुनाफा बाँड्ने गरी अरूलाई सञ्चालन गर्न दिएकोमा त्यस्तो कारणले मात्र कोषले लिन पाउने किस्ता खिलाफ गरे बापतको व्याज तथा थप दस्तुर वा धितो बिक्री गर्न पाउने अधिकारमा असर पर्ने छैन ।

[δ](५) यस ऐन बमोजिम कोषमा नियमित रुपमा रकम जम्मा गर्ने व्यक्तिसँग कोषले गरेको कर्जा कारोबारसँग सम्बन्धित लिखतको रजिष्ट्रेशन पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

[δ]**३४क. कोषको अधिकार कायम रहने:** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोषले कर्जा प्रवाह गर्दा लिएको जुनसुकै प्रकारको धितोमा त्यस्तो कर्जाको सावाँ, ब्याज चुक्ता नहुञ्जेलसम्म कोषको अधिकार कायमै रहनेछ ।

δ दोस्रो संशोधनद्वारा थप ।

नेपाल कानून आयोग

३५. **सम्झौता उल्लंघन गरेमा कोषको अधिकार**: (१) कुनै संगठित संस्थाले सम्झौता अनुसार कोषलाई बुझाउनु पर्ने कुनै कर्जा, त्यसको ब्याज र पेश्की बापतको बाँकी रकम नबुझाई कोषसंग भएको लिखतको शर्त उल्लंघन गरेमा वा त्यस्तो संगठित संस्थाको आर्थिक कारोबार सञ्चालनमा नियन्त्रण गर्नु पर्ने मनासिब माफीकको कारण छ भन्ने समितिलाई लागेमा शर्तबमोजिम भाखाको अवधि नपुगेको भएतापनि कोषले ऋणी संगठित संस्थाको व्यवस्थापन तथा आर्थिक कारोबारमा नियन्त्रण गरी वा सो कर्जा बापत धितो रहेको वा ऋणी संगठित संस्थाको अन्य सम्पत्तिहरू कब्जा गरी चलन गर्न, बहाल वा ठेक्का पट्टामा दिन वा लिलाम बढाबढ वा बोलपत्र वा आपसी छलफलद्वारा बिक्री गरी आफूले लिनु पर्ने रकम असूल उपर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम ऋणी संगठित संस्थाले दिएको धितो वा उक्त संगठित संस्थाको अन्य सम्पत्ति कब्जा गरी लिलाम बढाबढ वा बोलपत्रद्वारा बिक्री गरेकोमा कोषले लिनु पर्ने रकम लिई बढी भएको रकम सम्बन्धित संगठित संस्थालाई दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम लिलाम बढाबढ वा बोलपत्रद्वारा ऋणी संगठित संस्थाको सम्पत्ति लिलाम बिक्री भएमा वा त्यसरी लिलाम बिक्री गर्न पटक पटक प्रयास गर्दा पनि बिक्री हुन नसकेमा वा प्राप्त मूल्यमा बिक्री गर्दा कोषको हितमा नभई सो सम्पत्तिको स्वामित्व कोषले आफैले लिने निर्णय भएमा दाखिल खारेज गर्ने अड्डाले त्यसरी लिलाम बिक्रीबाट लिने व्यक्ति वा कोषको नाममा सो सम्पत्ति दाखिल खारेज गरी दिनु पर्नेछ ।

३६. **सम्झौताको म्याद समाप्त हुनु अगावै ऋण दिएको रकमको फिर्ता भुक्तानी मांग गर्ने अधिकार**: सम्झौता वा करार वा अन्य लिखतमा जुनसुकै कुरा लेखिएको भएतापनि कोषले देहायको अवस्थामा सम्झौताको म्याद समाप्त हुनु अगावै लिखित सूचना दिई ऋणी संगठित संस्थासंग आफूले लिनु पर्ने रकमको फिर्ता भुक्तानी माग्न सक्नेछः–

(क) ऋणी संगठित संस्थाले ऋणको लागि दिएको दरखास्तमा कुनै विषयमा झुठ्ठा वा भ्रमात्मक विवरण दिएको छ भन्ने समितिलाई लागेमा ।

(ख) ऋणी संगठित संस्थाले कोषसंग गरेको ऋण सम्झौतामा उल्लेख भएका शर्तहरू पूरा गर्न नसकेमा ।

(ग) ऋणी संगठित संस्था आफू उपर रहेको ऋण सापटी वा पेश्की चुक्ता गर्न असमर्थ छ भन्ने कुरा समितिलाई लागेमा ।

परिच्छेद – ६

कोषको लेखा, जगेडा कोष र लाभाँश

३७. कोषको लेखा: (१) कोषले आफ्नो हिसाब किताबको लेखा [ठ]प्रचलित कानून बमोजिम महालेखा परीक्षकले तोकेको ढाँचामा नेपालीमा रितपूर्वक खडा गरी राख्नु पर्नेछ । कोषले आफनो सुविधाको लागि नेपाली साथै अंग्रेजी भाषामा पनि लेखा राख्न सक्नेछ । तर सो बमोजिम दुईवटा लेखा राखिएकोमा नेपालीमा राखिएको लेखा नै आधिकारिक लेखा मानिनेछ ।

(२) उपदफा (१) बमोजिम राखिने लेखामा कोषको काम कारवाहीको वास्तविक स्थिति यथार्थ थाहा हुने गरी कोषले गरेको लगानी, दिए लिएको ऋण तथा आर्थिक कारोबार, प्रत्येक आम्दानी खर्चको व्यहोरा, मालसामानहरूको खरीद बिक्री र कोषको जायजेथा र दायित्वको विस्तृत विवरण स्पष्ट रुपमा खोली लेखिएको हुनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषले सञ्चालन गरेको लगानीकर्ता हिसाब योजना र नागरिक एकाङ्क योजनाको लेखा छुट्टा छुट्टै राख्नु पर्नेछ ।

(४) नेपाल सरकारले स्वीकृति दिएकोमा बाहेक यस दफा बमोजिमको लेखा कोषको कार्यालयमा बाहेक अन्यत्र राख्न पाइने छैन र सञ्चालकले सो लेखा निरीक्षण गर्न चाहेमा जहिले सुकै पनि निरीक्षण गर्न सक्नेछ ।

(५) समितिले तोकिदिएको रकम बाहेक कोषको अरू नगद मौज्दात वाणिज्य बैङ्क भएको ठाउँमा कुनै वाणिज्य बैङ्कमा नै राख्नु पर्नेछ ।

(६) कोषले प्रत्येक तीन तीन महीनामा आफ्नो शाखाहरुबाट हिसाबको फाँटवारी मगाई अद्यावधिक गरी राख्नु पर्नेछ ।

[ठ] दोस्रो संशोधनद्धारा थप ।

३८. **वासलात र लाभ हानीको हरहिसाब**: कोषले आर्थिक वर्ष समाप्त भएको तीन महीना भित्र आफ्नो वासलात र लाभ हानीको हरहिसाब तयार गरी त्यसमा कोषको कार्यकारी निर्देशक, मुख्य लेखापाल र कम्तीमा दुईजना सञ्चालकहरूको सही छाप समेत गराई त्यस्तो वासलात र लाभ हानीको हरहिसाब नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

३९. **लेखापरीक्षण:** कोषको लेखापरीक्षण महालेखापरीक्षक वा निजले तोकेको लेखापरीक्षकद्वारा हुनेछ ।

[ϑ]**३९क. लेखापरीक्षण समितिः** (१) आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न कोषमा एक लेखापरीक्षण समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखापरीक्षण समितिको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

४०. **जगेडा कोष**: कोषले आफनो पूंजी र सेवाबाट आर्जन गरेको खूद मुनाफाबाट प्रत्येक वर्ष कम्तीमा बीस प्रतिशत रकम छुट्याई एउटा जगेडा कोष स्थापना गर्नु पर्नेछ ।

४१. **लाभाँशको वितरण:** कोषले आर्जन गरेको खूद मुनाफाबाट कोषको प्रारम्भिक तथा अघिल्लो वर्षको कुनै नोक्सानी भए सो पूर्ति गरेपछि र दफा ४० बमोजिमको रकम जगेडा कोषमा सारेपछि मात्र शेयरवालाहरूलाई लाभाँश वितरण गर्न सकिनेछ ।

परिच्छेद –७

विविध

४२. **कर्मचारीको व्यवस्था**: [∉](१) कोषको दैनिक कार्य सञ्चालनको लागि नेपाल सरकारले अर्थशास्त्र, व्यवस्थापन, वाणिज्यशास्त्र वा वाणिज्य कानून विषयमा स्नातकोत्तर गरेको र आर्थिक व्यवस्थापनको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष कार्य अनुभव भएको व्यक्तिमध्येबाट एकजना कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

ϑ दोस्रो संशोधनद्वारा थप ।

∉ दोस्रो संशोधनद्वारा संशोधित ।

(२) कार्यकारी निर्देशकको कार्यावधि पाँच वर्षको हुनेछ । नेपाल सरकारले निजको कार्यावधि पुनः ∉ चार वर्षको लागि थप गर्न सक्नेछ ।

ϑतर यो उपदफा प्रारम्भ हुँदाका बखत बहाल रहेको कार्यकारी निर्देशक निज नियुक्ति हुँदाका बखत कायम रहेको अवधिसम्म आफ्नो पदमा बहाल रहन सक्नेछ ।

ϑ(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकलाई कार्यक्षमताको अभाव, लापरबाही वा खराब आचारण वा सन्तोषजनक कार्यसम्पादन नगरी निष्क्रिय भएको कारणबाट कोषले कुनै हानि नोक्सानी व्यहोर्नु परेको वा कोषको काम कारबाही सुचारु हुन नसकेको देखिएमा नेपाल सरकारले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(३) कोषको काम कारोबार सुचारु रुपले सञ्चालन गर्नको लागि समितिले आवश्यकता अनुसार सल्लाहकार, अधिकृत, र कर्मचारीहरू नियुक्त गर्न सक्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम नियुक्त कार्यकारी निर्देशक, सल्लाहकार, अधिकृत र कर्मचारीहरूको ϑयोग्यता, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरू तोकिएबमोजिम हुनेछ ।

४३. प्राविधिक उपसमितिः (१) कोषको कार्य सुचारु रुपले सञ्चालन गर्न र नागरिक एकाङ्क योजना तथा लगानीकर्ता हिसाब योजनाको दक्ष व्यवस्थापनको लागि समितिले आवश्यकता अनुसार विभिन्न प्राविधिक उपसमितिहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिहरूको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

≥**४३क. कोषले ट्रष्टी तोक्न सक्नेः** (१) यस ऐन बमोजिम बचतकर्ता र लगानीकर्ताहरूबाट कोषले संकलन गरी जम्मा गरेको पूंजी कोषलाई सम्बन्धित योजनाको शर्त अनुसार लगानी प्रबन्ध

ϑ दोस्रो संशोधनद्धारा थप ।

≥ पहिलो संशोधनद्वारा थप ।

गर्न वा तत्सम्बन्धमा अन्य कुनै संगठित संस्थासंग भएको सम्झौता बमोजिमको दायित्व पूरा गर्नको लागि कोषले आफूलाई प्राप्त अधिकार र जिम्मेवारी बहन गर्न पाउने गरी कोषको समिति, उपसमिति वा त्यस्तो समिति वा उपसमितिको सदस्य वा कोषको कुनै अधिकृत कर्मचारीलाई ट्रष्टीको रुपमा काम गर्न पाउने गरी तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषले तोकेको ट्रष्टीको काम, कर्तव्यहरू तोकिएबमोजिम हुनेछ ।

४४. **शपथ लिनु पर्ने**: कोषको प्रत्येक सञ्चालक, कार्यकारी निर्देशक, सल्लाहकार, प्राविधिक उप–समितिका सदस्यहरू र अधिकृत तथा कर्मचारीहरूले आफनो पदमा बहाल हुनुभन्दा अगावै तोकिएबमोजिम शपथ लिनु पर्नेछ ।

४५. **समितिलाई मुलतवी राख्न सक्ने नेपाल सरकारको अधिकार**: (१) समितिले यस ऐनबमोजिम गर्नुपर्ने काम गर्न नसकेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी बढीमा एक वर्षसम्म समितिलाई मुतलवी राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिलाई मुलतवी राखिएमा सो समितिले यस ऐनबमोजिम गर्नुपर्ने सम्पूर्ण काम तथा कारोबार सञ्चालन गर्न नेपाल सरकारले कुनै व्यक्ति, व्यक्तिहरुको समिति वा संस्थालाई मुकरर गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिको काम तथा कारोबार सञ्चालन गर्न मुकरर भएका व्यक्ति, व्यक्तिहरूको समिति वा संस्थाले यो ऐन र यस ऐन अन्तर्गत बनेको विनियमहरू बमोजिम गरेको सम्पूर्ण काम तथा कारोबार यस ऐनबमोजिम गठन भएको समितिले गरे सरह मान्य हुनेछ ।

४६. **नेपाल सरकारसंग सम्पर्क**: कोषले नेपाल सरकार संग सम्पर्क राख्दा अर्थ मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

४७. **वार्षिक प्रतिवेदन**: समितिले आर्थिक वर्ष समाप्त भएको नौ महीनाभित्र लेखापरीक्षकको प्रतिवेदन र कोषको काम तथा कारोबारसंग सम्बन्धित कुराको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

४८. **नेपाल सरकारले आदेश वा निर्देशन दिन सक्ने**: नेपाल सरकारले देशको मुद्रा तथा पूंजी बजारको स्थिति र लगानीकर्ताको हितलाई ध्यानमा राखी आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ र त्यस्तो आदेश वा निर्देशनको पालना गर्नु कोषको कर्तव्य हुनेछ ।

४९. **नेपाल राष्ट्र बैङ्कले आदेश वा निर्देशन दिन सक्ने**: नेपाल राष्ट्र बैङ्कले देशको मौद्रिक स्थितिलाई ध्यानमा राखी कोषको प्रभावकारिता बढाउने उद्देश्यले कोषलाई समय समयमा आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । त्यस्तो आदेश वा निर्देशनको पालना गर्नु कोषको कर्तव्य हुनेछ ।

∉**५०. अनुगमन तथा निरीक्षणः** (१) नेपाल सरकार, अर्थ मन्त्रालयले कोषको काम, कारबाही, कोषले सञ्चालन गरेका योजना तथा कार्यक्रमको तोकिए बमोजिम अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि अर्थ मन्त्रालयले नेपाल सरकारको कुनै राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत वा सम्बन्धित क्षेत्रको विज्ञलाई निरीक्षकको रुपमा तोक्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको निरीक्षकले कोषको सम्पूर्ण बही खाता, हिसाब किताब, लेखा, कागजात वा विद्युतीय अभिलेख निरीक्षण गर्न वा त्यसको विवरण वा प्रतिलिपि माग गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निरीक्षकले मागेको कागजात वा विवरण उपलब्ध गराउनु कोषका कार्यकारी निर्देशक लगायत सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ ।

(५) उपदफा (२) बमोजिम तोकिएको वा नियुक्त गरिएको निरीक्षकले उपदफा (१) बमोजिम अनुगमन, निरीक्षण तथा सुपरिवेक्षणको कार्य सम्पन्न भएपछि सोको प्रतिवेदन नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम गरिने अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

∉ दोस्रो संशोधनद्वारा संशोधित ।

ï५१. ....

५२. कोषको विशेष अधिकारः यो ऐनबमोजिम कोषले प्रदान गर्ने लगानी, नागरिक एकाङ्क योजना तथा लगानीकर्ता हिसाब योजना अन्तर्गतको ∉अवकाश कोष, लगानी प्रबन्ध तथा अन्य सेवाहरूको शर्तहरू तोक्ने र सो मा लिने कमिशन, सेवा शुल्क, र दस्तुरहरू कोषले तोक्न सक्नेछ ।

ð**५२क. मुद्दति निक्षेपमा लगानी सम्बन्धी विशेष व्यवस्थाः** (१) लगानीकर्ता हिसाब योजना, नागरिक एकाङ्क योजना वा कोषमा अन्य स्रोतबाट जम्मा हुने रकम कोषले कुनै वाणिज्य बैंकमा समयकालीन मुद्दति निक्षेपमा जम्मा गरी लगानी गर्न सक्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम जम्मा भएको रकम र सोको ब्याज वा अन्य कुनै शुल्क भए सो समेत कोष र सम्बन्धित वाणिज्य बैंकबीच भएको सम्झौता बमोजिम बैंकले कोषलाई भुक्तानी गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम लगानी गरेको रकम सम्बन्धित बैंकले उपदफा (२) बमोजिमको कोषलाई भुक्तानी नगरेमा कोषले यस ऐन र प्रचलित कानून बमोजिम त्यस्तो रकम असुल उपर गर्न सक्नेछ ।

५३. कोषको ऋण लगानीको सुरक्षाः प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि कोषले कर्जा लगानी गरेको कुनै संगठित संस्था विघटन भएमा त्यस्तो संगठित संस्थाको जायजेथामा ∉सो सङ्गठित संस्थाको धितो लिने अन्य साहु सरह कोषको समान अधिकार रहनेछ।

ð **५३क.कालोसूचीमा राख्नेः** (१) कोषसँग कुनै ठेक्का सम्झौता गरेको, कुनै किसिमको ठेक्का पट्टामा हिस्सेदार भएको, कोषले लगानी गरेको वा कोषबाट ऋण लिएको कुनै व्यक्ति वा सङ्गठित संस्थाले कोषलाई कुनै हानि नोक्सानी पुऱ्याएमा वा कोषलाई तिर्न बुझाउन पर्ने रकम तोकिएको अवधिभित्र नबुझाएमा त्यस्तो व्यक्ति वा सङ्गठित संस्थालाई कोषले प्रचलित कानून बमोजिम कालोसूचीमा राख्नको लागि सम्बन्धित निकाय समक्ष लेखी पठाउन सक्नेछ ।

ï आयकर ऐन, २०५८ द्वारा खारेज ।

∉ दोस्रो संशोधनद्वारा संशोधित ।

ð दोस्रो संशोधनद्धारा थप ।

(२) उपदफा (१) बमोजिम कोषबाट लेखी आएमा सम्बन्धित निकायले त्यस्तो व्यक्ति वा सङ्गठित संस्थालाई प्रचलित कानून बमोजिम कालोसूचीमा राखी सोको जानकारी कोषलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कालोसूचीमा राखिएको व्यक्ति वा सङ्गठित संस्थालाई कोषले सो कालोसूचीबाट हटेको दुई वर्षसम्म कुनै ऋण दिने, ठेक्कापट्टा दिने वा हिस्सेदार बनाउने वा कुनै किसिमको लगानी गर्ने छैन ।

५४. <u>गोप्यता कायम राख्नु पर्ने</u>: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि कोष र ग्राहकहरूको सम्बन्ध तथा कोषको कारोबार वा लेखाको विवरण सरोकारवाला बाहेक अरू कसैलाई दिइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै मुद्दा मामिला वा अन्य कानूनी कारवाहीको सिलसिलामा अदालत, लेखापरीक्षणको सिलसिलामा लेखापरीक्षक वा निरीक्षकको सिलसिलामा खटी आएका निरीक्षकलाई निरीक्षण गर्न दिएकोमा कोषको कारोबार वा लेखाको गोपनियता भङ्ग गरेको मानिने छैन ।

(३) कोषको कारोबार वा लेखाको निरीक्षण गर्दा अदालत, लेखापरीक्षक वा अरू कसैले पनि कोषको कारोबार वा लेखाको गोपनियता भङ्ग गर्नु हुँदैन ।

५५. <u>कोष विघटन हुन सक्ने</u>: देहायको अवस्थामा कोष विघटन हुन सक्नेछ: –

(क) नागरिक एकाङ्क योजना अन्तर्गत एकाङ्कवालालाई र लगानीकर्ता हिसाब योजना अन्तर्गत लगानीकर्तालाई फिर्ता गर्नुपर्ने रकम फिर्ता गर्न, तिर्नु पर्ने अन्य ऋण तिर्न वा यो ऐनबमोजिम काम गर्न कोष असमर्थ छ भन्ने नेपाल सरकारलाई लागेमा ।

(ख) कुनै मनासिब कारणबाट कोषलाई खारेज गर्ने गरी नेपाल सरकारले निर्णय गरेमा ।

५६. लिक्वीडेटरको नियुक्तिः (१) दफा ५५ बमोजिम कोष विघटन हुने भएमा नेपाल सरकारले [θ]प्रचलित कानून बमोजिम इजाजतप्राप्त व्यक्तिहरुमध्येबाट एकजना लिक्वीडेटर नियुक्ति गर्नेछ ।

[∉](२) उपदफा (१) बमोजिम नियुक्त लिक्वीडेटरको काम, कर्तव्य र अधिकार दामासाही सम्बन्धी ऐन, २०६३ बमोजिम नियुक्त लिक्वीडेटरलाई भए सरह हुनेछ ।

(३) लिक्वीडेटरलाई नेपाल सरकारले तोकिदिएको पारिश्रमिक वा भत्ता कोषबाट प्राप्त हुनेछ ।

५७. दायित्व भुक्तानी गर्ने प्राथमिकताको क्रमः कोष विघटन गर्दा निम्नलिखित प्राथमिकताको आधारमा दायित्वको भुक्तानी दिनु पर्नेछः–

(क) विघटन गर्दा लागेको खर्च,

(ख) कोषका कर्मचारी वा कामदारले पाउनु पर्ने पारिश्रमिक तथा अन्य बाँकी रकम,

(ग) लगानीकर्ता हिसाब, योजना, नागरिक एकाङ्क योजना र समूहगत बचत परियोजनाको रकम,

[∉](घ) कोषले लिएको ऋण तथा अन्य दायित्व बापतको रकम,

[∉](ङ) नेपाल सरकारलाई कोषले भुक्तानी गर्नु पर्ने कर तथा अन्य रकम,

[θ](च) अग्राधिकार शेयरधनीहरुको शेयर बापतको रकम,

[θ](छ) यस दफा बमोजिम दायित्व भुक्तानी गर्दा कुनै रकम बाँकी रहेमा त्यसरी बाँकी रहेको रकम अन्य शेयरधनीहरुलाई समानुपातिक हिसाबमा भुक्तानी दिने ।

नेपाल कानून आयोग

θ दोस्रो संशोधनद्वारा थप ।

∉ दोस्रो संशोधनद्वारा संशोधित ।

५८. **<u>दण्ड सजायः</u>** (१) यो ऐन अन्तर्गत कोषले गरेको लगानी वा प्रदान गरेको कर्जा वा अन्य कुनै सुविधाको निमित्त कोषलाई उपलब्ध गराएको कुनै विवरण वा प्रमाणपत्र वा धितो राखिएको कुनै रसिद वा अरू कुनै कागजातमा कसैले जानी जानी झुट्टा व्यहोरा पारेमा वा पार्न लगाएमा त्यसबाट कोषलाई कुनै हानी नोक्सानी भएमा सो रकम बराबर बिगो भराई त्यस्तो व्यक्तिलाई ∉<u>पचास हजार</u> रुपैयाँसम्म जरिवाना वा ∉ <u>तीन वर्षसम्म</u> कैद वा दुवै सजाय हुनेछ ।

(२) कसैले दफा ५४ विपरीत गोप्यता भङ्ग गरेमा निजलाई तीन हजार रुपैंयाँसम्म जरिवाना वा तीन महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) कसैले दफा ५० अन्तर्गत नियुक्त भएको निरीक्षकलाई निजको काममा बाधा बिरोध गरेमा वा निजले जाँच्न चाहेको लेखा वा कागजपत्र कुनै मनासिब कारण बिना जाँच्न नदिएमा त्यस्तो व्यक्तिलाई दुई हजार रुपैयाँसम्म जरिवाना वा दुई महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(४) कसैले कोषको लिखित स्वीकृत नलिई कुनै विवरणपत्र वा विज्ञापनमा कोषको नाम प्रयोग गरेमा निजलाई एक हजार रुपैंयाँसम्म जरिवाना वा एक महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

५९. **<u>विनियम बनाउने अधिकारः</u>** कोषले यो ऐनको अधीनमा रही आफनो आन्तरिक काम कारवाही सुव्यवस्थित गर्नको लागि नेपाल सरकारको स्वीकृति लिई आवश्यक विनियमहरू बनाउन सक्नेछ ।

∉ दोस्रो संशोधनद्वारा संशोधित ।

[ǒ]६०. **कार्यविधि बनाउन सक्नेः** कोषले यस ऐन कार्यान्वयन गर्न यो ऐन र यस ऐन अन्तर्गत बनेको विनियमको अधीनमा रही आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

ǒ दोस्रो संशोधनद्वारा थप ।

द्रष्टव्यः (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर भएका शब्दहरूः–
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(२) गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा रुपान्तर गरिएका शब्दहरुः–

(क) "राष्ट्र ऋण ऐन, २०१७" को सट्टा "राष्ट्र ऋण ऐन, २०५९" ।

(ख) "धितोपत्र कारोबार ऐन, २०४०" को सट्टा "धितोपत्र सम्बन्धी ऐन, २०६३" ।

(ग) "कम्पनी ऐन, २०५३" को सट्टा "कम्पनी ऐन, २०६३" ।

नेपाल कानून आयोग